मो. ९८५८४३११११

# कमलबजार नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**कमलबजार, अछाम**

**सुदुरपश्चिम प्रदेश, नेपाल**

**प.सं. २०७९/०८०** **मिति: २०७९।०६।०३**

**च.नं.**

## शोक विज्ञप्ती

विगत २/३ दिन देखिको अविरल वर्षाका कारण बाढि र पहिरोबाट भदौ ३१ गते राती अछाम जिल्लाका विभिन्न स्थानमा ठूलो मानविय र भौतिक क्षति भएकोले यस दुःखद घटनावाट कमलवजार नगरपालिकाको सम्पूर्ण परिवार लाई अत्यन्त दुखित एवं मर्माहित तुल्याएको छ । यस दुःखद घटनामा कमलवजार नगरपालिका वडा नं ८ का स्थानीय गम्भीर दमाईको घर पहिरोले पुरिंदा गम्भीर दमाई सहित एकै परिवारका ५ जना, कमलजार नगरपालिका वडा नं ६ विरपथको ठाँटीखाँदका स्थानीय इन्द्र कामीको घर पहिरोले पुरिंदा एकाघरका ७ जना, तुर्माखाँद गाउँपालिका वडा नं ५ नाडाका स्थानीय नेत्रबहादुर शाही र रिठे शाहीको घर पहिरोले पुरिंदा दुवै परिवारका ९ जना, ढकारी गाउँपालिका वडा नं १ रिमाको चाइरा खोलाले बगाएर १ जना र सोही पालिकाकै वडा नम्बर ६ का हर्क बहादुर बुढाको घर भत्किएर १ नाबालक गरि जम्मा २३ जनाको दुःखद निधनप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछौं । साथै सोही घटनामा परि गम्भिर घाइते कमलबजार नगरपालिका वडा नं ८ डुंगलाका १ जना, वडा नं ६ ठाँटीखाँदका ७ जना, ढकारी गाउँपालिका वडा नं ६ ढुंगाचाल्नाका ३ जना लगायतका घाइतेहरुमा शीघ्र स्वास्थ्य लाभको कामना गर्दै शोकाकुल परिवार तथा आफन्तजनप्रति गहिरो समवेदना प्रकट गर्दछौ ।

यस दुखदायी घटनाका मृतक र घाइतेको शीघ्र उद्धार, राहत र पुर्नस्थापना गर्न र घाइतेको औषधी उपचार व्यवस्थ निःशुल्कगर्न नेपाल सरकार र प्रदेस सरकार तथा विभिन्न संघ संस्थाहरुमा सहयोगको लागि हार्दिक अपिल गर्दछ साथै बाढी, पहिरोका कारण जिल्लाका विभिन्न स्थानमा कृषकहरुको वालीनालीमा पुगेको क्षतिको उचित राहत तथ क्षतिपूर्ति प्रदान गर्न र अवरुद्ध भएका सडक तथा बाटोहरु तत्काल सुचारु गर्न स्थानीय स्रोत साधनबाट मात्र सम्भ नहुने भएकोले नेपाल सरकार र प्रदेश सरकारको समेत ध्यानाकर्षण गर्दछौं । वर्षातको समयमा हुनसक्ने थ सम्भावित प्राकृतिक जोखिमबाट बच्नका लागि आम नागरिकलाई सचेत रहन अनुरोध गर्दै यस्ता प्रकारका सम्भावि प्राकृतिक विपत्तिहरुमा उद्धार, राहत र सहयोगका लागि जुट्न समग्र नगरबासिहरुलाई आव्हान गर्दछौं ।

(खड्ग बहादुर विष्ट)
नि. प्रमुख प्रशासकिय अधिकृत

(शारदा कुमारी विष्ट)
का.वा. नगर प्रमुख